“समृद्ध नेपालका लागि स्वस्थ, कर्मठ र उद्यमी युवा”

नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

## राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर

# राष्ट्रिय युवा परिषद्का
# दश वर्ष

(२०७२-२०८२)




फोन नं.: ०१-६६३८१५२, ६६३५१३३/६६३५८३५

वेभसाइट: www.nyc.gov. np, इमेल: info@nyc.gov.np

# राष्ट्रिय युवा परिषद्का दश वर्ष

# २०७२–२०८२

**प्रकाशक**

**नेपाल सरकार**

**युवा तथा खेलकुद मन्त्रालय**

**राष्ट्रिय युवा परिषद्**

**सानोठिमी, भक्तपुर**

फोन नं.: ०१–६६३८१५२, ६६३५१३३/६६३५८३५

वेभसाइटः www.nyc.gov. np, इमेलः info@nyc.gov.np

# राष्ट्रिय युवा परिषद्का दश वर्ष

प्रकाशक :

नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

**राष्ट्रिय युवा परिषद्**

सानोठिमी, भक्तपुर

© राष्ट्रिय युवा परिषद्

प्रकाशन मिति : २०८२ फागुन

प्रकाशन संख्या : १००० प्रति

# प्रकाशकीय

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ अनुसार २०७२ साल फागुन १९ गते स्थापना भएको राष्ट्रिय युवा परिषद्ले आफ्नो १० वर्षे कार्यकाल २०८२ फागुन १९ गते पूरा गरेको छ । संयुक्त राष्ट्रसङ्घको समन्वयमा सन् १९९८ अगस्ट ८-१२ सम्म पोर्चुगलको राजधानी लिस्वनमा १४० देशका युवा मामिला हेर्ने मन्त्रीहरूको सहभागितामा सम्पन्न विश्व सम्मेलनले ८८ बुँदे लिस्वन घोषणापत्र जारी गर्दै आआफ्ना देशमा राष्ट्रिय युवा नीति तर्जुमा गर्ने साझा प्रतिबद्धता जनाएपछि नेपालमा पनि युवा लक्षित नीति तथा कार्यक्रमले प्राथमिकता पाउँन थाल्यो । फलस्वरूप वि. सं. २०६५ मा युवा हेर्ने मन्त्रालय र २०७२ मा राष्ट्रिय युवा परिषद्को स्थापना हुनुका साथै राष्ट्रिय युवा नीति, २०६६, राष्ट्रिय युवा नीति, वि. सं. २०७२ पछि हाल राष्ट्रिय युवा नीति, २०८२ कार्यान्वयनमा रहेको छ । युथभिजन २०२५ तथा दश वर्षे रणनीतिक कार्य योजनाको अवधि समप्न्न भई हाल नयाँ निर्माणको चरणमा रहेको छ ।

युवा सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी नेपाल सरकारसमक्ष सिफारिस गर्नेदेखि नेपाल सरकारबाट स्वीकृत नीतिअनुसार युवा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा गरी लागू गर्ने तथा युवालाई राष्ट्र निर्माणमा सहभागी हुन र मुलुकको निर्माणमा केन्द्रित भई अघि बढ्न उत्प्रेरित गर्ने जस्ता युवा विकास, सशक्तीकरण एवं मूल प्रवाहीकरणमा केन्द्रित रहने काम, कर्तव्य र अधिकार रहेको यस परिषद्ले स्थापनाको १० वर्ष अवधि पूरा गर्ने चरणमा आइपुग्दा युवाका क्षेत्रमा महत्वपूर्ण कार्य सम्पादन र अनुभव हाँसिल गरेको छ। यस अवधिमा सम्पादित कार्यहरूको सङ्क्षिप्त झलक मात्र हो यो, लघु पुस्तिका ।

परिषद्ले यस अवधिमा खेलेको भूमिकाको समीक्षा गरी युवाका अपेक्षा र स्रोतसाधनका बीचमा सन्तुलन कायम गर्दै आगामी दिनमा परिषद्को प्रभावकारिता बढाउने दायित्व हामी सबैको हो। यो महत्वपूर्ण कार्यभार पूरा गर्न तीनै तहका सरकार, युवा केन्द्रित गैरसरकारी संस्थाहरू, युवा अभियन्ताहरू, संयुक्त राष्ट्रसंघीय निकायसहित अन्तर्राष्ट्रिय विकास साझेदार, आमसञ्चार जगत  तथा सचेत नागरिक समाजको साझा दायित्व रहने कुरा निर्विवाद छ । यो लघु पुस्तिका युवामैत्री साशन प्रवर्धन गर्दै युवा सशक्तीकरण गर्ने साझा दायित्व पूरा गर्ने दिशामा उपयोगी हुने अपेक्षासहित प्रकाशन गर्ने जमर्को गरिएको छ ।

२०८२।११।१९

गेहनाथ गौतम

प्रशासकीय प्रमुख / सदस्य सचिव

# विषयसूची


| विषय | पृष्ठ |
| --- | --- |
| १. परिचय | १ |
| २. ऐतिहासिक पृष्ठभूमि | २ |
| ३. राष्ट्रिय युवा परिषद्का काम, कर्तव्य र अधिकार | ३ |
| ४. परिषद्को सङ्गठन संरचना | ४ |
| ५. युवा विकास तथा परिषद् सम्बन्धी महत्त्वपूर्ण मितिहरू | ५ |
| ६. राष्ट्रिय युवा नीति, २०७२ | ६ |
| ७. राष्ट्रिय युवा नीति, २०८२ | ७ |
| ८. युथभिजन २०२५ र पाँच आधार स्तम्भको प्रगति समीक्षा | ८ |
| ९. परिषद्बाट १० वर्षमा सम्पादित मुख्य कार्य र उपलब्धीहरू | १० |
| १०. राष्ट्रिय युवा परिषद्ले विकास गरेका अवधारणा तथा ढाँचाहरू | २८ |
| ११. साझेदारी र सहकार्य | २८ |
| १२. आगामी मार्गदर्शन | २९ |
| १३. परिषद्का पदाधिकारी र कर्मचारीहरू | ३१ |

# नेपालको नक्सा




# नेपालको राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची-महाकाली।

प्रकृतिका कोटि-कोटि सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल।

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल।।

## १. परिचय

नेपाली युवालाई सवल प्रतिस्पर्धी र आत्मनिर्भर बनाउदै राज्यका हरेक क्षेत्रमा सार्थक सहभागिता सुनिश्चित गरी आधुनिक,न्यायपूर्ण र समृद्ध राष्ट्र निर्माण गर्ने उद्देश्यका साथ राष्ट्रिय युवा परिषद्को स्थापना भएको हो। राष्ट्रिय युवा परिषद् ऐन, २०७२ अनुसार २०७२ साल फागुन १९ गते स्थापना भएको परिषद्को कार्यालय प्रारम्भमा त्रिपुरेश्वरमा रहेकोमा हाल सानोठिमी, भक्तपुरमा अवस्थित छ ।

युवा तथा खेलकुद मन्त्रीको अध्यक्षतामा गठन हुने यस परिषद्मा नेपाल सरकारबाट नियुक्त उपाध्यक्ष कार्यकारी भूमिकामा रहने गरी र राष्ट्रिय योजना आयोग एवम् अर्थ, उद्योग, कृषि तथा पशुपक्षीं विकास, युवा तथा खेलकुद, श्रम तथा रोजगार, शिक्षा विज्ञान तथा प्रविधि, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव पदेन सदस्य रहने व्यवस्था छ। यसका साथै परिषद्मा विभिन्न क्षेत्रबाट प्रतिनिधित्व रहने गरी २५ जना युवा र नेपाल सरकारको शिक्षा सेवाका सहसचिव सदस्य सचिव रहने गरी कुल ३६ जना सदस्य रहने व्यवस्था छ।प्रत्येक जिल्लामा नौ सदस्यीय जिल्ला युवा समितिको ब्यवस्था रहे तापनि हाल जिल्ला स्तरीय संरचना क्रियाशील छैन ।

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ अनुसार १६-४० वर्ष उमेर समुहका जनसङ्ख्यालाई युवा मानिएको छ। नेपाल यतिवेला यस उमेर समूहका ४२.५६ प्रतिशत युवा जनसंख्यासहित उच्च जनसाङ्ख्यिक लाभको अवस्थामा रहेको छ। परिषद्ले नेपाल सरकारबाट स्वीकृत युवा लक्षित कार्यक्रमको कार्यान्वयन गर्नुका साथै अन्य सरकारी तथा गैरसरकारी निकायबाट सञ्चालित युवा लक्षित कार्यक्रमहरूमा समन्वय, सहकार्य र सहजीकरण गर्दछ।परिषद्ले युवा लक्षित नीति तथा कार्यक्रम तर्जुमा गर्ने, युवाको नेतृत्व र क्षमता विकास गर्ने, सिपमूलक तालिम र उद्यमशीलता प्रवर्द्धन गर्नेदेखि अन्य विविध अवसरहरूमा युवाको सहभागिता बढाउने जस्ता कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ।

## २. ऐतिहासिक पृष्ठभूमि

सन् १९८५ लाई संयुक्त राष्ट्रसङ्घले अन्तर्राष्ट्रिय युवा वर्षका रूपमा घोषणा गरेपछि युवाका मुद्दामा सघन रूपमा विश्वव्यापी पैरवी हुन थालेको हो। अस्ट्रियाको भियनामा सम्पन्न विश्व युवा मञ्च, १९९१ मा अन्तर्राष्ट्रिय युवा दिवसको आवश्यकताका बारेमा सशक्त आवाज उठ्यो। सन् १९९८ अगस्ट ८-१२ तारिखमा संयुक्त राष्ट्रसङ्घको समन्वयमा पोर्चुगलको लिस्वनमा १४० देशका युवा मामिला हेर्ने मन्त्रीहरूको सहभागितामा विश्व सम्मेलन भएको थियो। उक्त सम्मेलनले आआफ्ना देशमा राष्ट्रिय युवा नीति तर्जुमा गर्ने साझा प्रतिबद्धता सहित ८८ बुँदे लिस्वन घोषणापत्र जारी गरेको थियो। त्यस सम्मेलनले हरेक वर्षको अगस्ट १२ लाई अन्तर्राष्ट्रिय युवा दिवस मनाउने प्रस्ताव समेत अघि सारेको थियो। सन् १९९९ को डिसेम्बर १७ मा बसेको राष्ट्रसङ्घको ५४ औं महासभाले उक्त प्रस्ताव अनुमोदन गऱ्यो । त्यसपछि सन् २००० देखि अगस्ट १२ लाई अन्तर्राष्ट्रिय युवा दिवसका रूपमा मनाउन थालियो। यो दिवसलाई संसारभर युवा हकहित र सशक्तीकरणका सन्दर्भमा आवाज उठाउने अवसरका रूपमा हेर्न थालियो। त्यससँगै संसारका विभिन्न देशमा आआफ्नै आवश्यकता र परिवेश अनुसार राष्ट्रिय युवा नीति निर्माण गर्ने सिलसिला अघि बढ्दै आयो।

नेपालमा पनि सन् २००४ देखि सरकारी तथा गैरसरकारी तवरमा अन्तर्राष्ट्रिय युवा दिवस मनाउन प्रारम्भ भयो । यो क्रमसँगै युवाका हकहित, जागरण र युवा नीतिका बारेमा सघन छलफल हुन थाल्यो। वि.सं.२०६० मा शिक्षा तथा खेलकुद मन्त्रालयमा युवा विकास महाशाखा स्थापना भयो। वि.स. २०६५ मा युवा तथा खेलकुद मन्त्रालयको स्थापना गरी युवा लक्षित कार्यक्रमको समन्वय तथा संयोजन गर्न थालिएको हो।यस मन्त्रालयको स्थापना हुनुपूर्व युवा र खेलकुदका गतिविधिहरू शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गत हुँदै आएको थियो।

यस मन्त्रालयको अग्रसरता र युवाका क्षेत्रमा क्रियाशील विभिन्न राजनीतिक, सामाजिक तथा नागरिक सङ्घ सङ्गठनको सक्रियतामा पहिलो पटक राष्ट्रिय युवा

नीति, २०६६ लागू भयो। यस नीतिले नेपालमा युवा सशक्तीकरणका लागि बहुपक्षीय सरोकारवालाको सहभागिता अभिवृद्धिमा जोड दिएको थियो।यसकै जगमा राष्ट्रिय युवा नीति, २०७२ र युवा विकास र सशक्तीकरणका लागि राष्ट्रिय युवा परिषद् ऐन, २०७२ जारी भयो । राष्ट्रिय युवा परिषद् ऐन २०७२ अनुसार नेपाल सरकार, मन्त्रिपरिषद्बाट २०७२ साल फागुन १९ गते ४ वर्षे कार्यकालको लागि उपाध्यक्षको नियुक्ति गरिएपछि राष्ट्रिय युवा परिषद् औपचारिक गठन हुनु पुग्यो। यस दिनलाई परिषद्ले आफ्नो स्थापना दिवसको रुपमा मनाउँदै आएको छ।

## ३. राष्ट्रिय युवा परिषद्का काम, कर्तव्य र अधिकार

राष्ट्रिय युवा परिषद् ऐन, २०७२ अनुसार परिषद्का काम कर्तव्य र अधिकार देहाय अनुसार  रहेको छ :

(क) युवा सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी नेपाल सरकारसमक्ष सिफारिस गर्ने,

(ख) नेपाल सरकारबाट स्वीकृत नीतिको अधीनमा रही युवा सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,

(ग) परिषद्सँग आवद्धता प्राप्त गर्ने संघ, संस्थाहरूले पालना गर्नु पर्ने शर्तहरू निर्धारण गर्ने,

(घ) विकास निर्माण तथा समाज सेवाको क्षेत्रमा युवालाई स्वयंसेवकको रुपमा परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

(ङ) युवालाई राष्ट्र निर्माणमा सहभागी हुन तथा मुलुक निर्माणमा केन्द्रित भई अघि बढ्न उत्प्रेरित गर्ने,

(च  परिषद्को वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(छ) युवा विकास, सशक्तीकरण एवं मूलप्रवाहीकरण सम्बन्धी विषयमा नेपाल सरकारलाई सुझाब दिने,

(ज) परिषद्का लागि आवश्यक कर्मचारीको दरबन्दी संख्या निर्धारण गर्ने,

(झ) तोकिए बमोजिमको अन्य काम गर्ने, गराउने।

## ४. परिषद्को सङ्गठन संरचना



# ५. युवा विकास तथा परिषद् सम्बन्धी महत्त्वपूर्ण मितिहरू



## ६. राष्ट्रिय युवा नीति २०७२

राष्ट्रिय युवा नीति, २०७२ ले नेपाली युवाहरूलाई विकासको मूल प्रवाहमा ल्याउनका लागि युवालाई परिवर्तनका संवाहक र दिगो विकासका उत्प्रेरक शक्तिका रूपमा विकास गर्न राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता, राष्ट्रिय अखण्डता, लोकतन्त्र र मानव अधिकारका आधारभूत सिद्धान्त एवम् मूल्य-मान्यताहरू बोध गराउने कार्यक्रमहरू सञ्चालन गर्ने, देशको आर्थिक, सामाजिक तथा शासकीय पद्धतिको रूपान्तरणको प्रक्रियामा युवाको संलग्नता र नेतृत्वलाई बढावा दिएको, युवालाई समाजका कर्मठ, क्रियाशील, नवीनताको पक्षधर र रचनात्मक शक्तिमा परिणत गर्न समाजप्रति जवाफदेही र उत्तरदायित्व वहन गर्ने एवम् लोकतान्त्रिक प्रणालीप्रति प्रतिबद्ध रहन सक्ने बनाउने, युवामा नैतिकता, चारित्रिक गुण तथा अनुशासन विकास गर्ने, समाजमा विद्यमान गरिबी, अशिक्षा, छुवाछुत, कुरीति, लैङ्गिक हिंसा, विभेद र विषमता जस्ता समस्या हटाउन युवा परिचालन गर्ने, निजी तथा गैरसरकारी संस्था एवम् स्थानीय निकाय समेतको सहकार्यमा युवालाई सामाजिक परिवर्तनका वाहक शक्तिका रूपमा विकास गर्ने नीति लिएको छ ।

यसका अतिरिक्त, युवामा अन्तर्निहित प्रतिभा प्रस्फुटन गराउने, सिप र क्षमता विकास गर्न राज्यले व्यापक लगानी गर्ने, युवामा उद्यमशीलता विकास गर्न विशेष कार्यक्रमहरू सञ्चालन गर्ने, गुणस्तरीय शिक्षा, तालिम, अध्ययन र अनुसन्धानका अवसरहरू सिर्जना गर्ने, साहित्य, कला, संस्कृति, सङ्गीत, अभिनय र खेलकुदजस्ता सिर्जनशील क्षेत्रमा युवाको संलग्नता बढाउने नीति लिइएको थियो । यसका साथै प्रतिभावान् युवालाई देशभित्रै वृत्तिविकासका अवसरहरू सिर्जना गरी प्रतिभा पलायन हुनबाट जोगाउने, दलित युवालाई अतिरिक्त अधिकार सहित राज्यको सेवासुविधा प्राप्त गर्ने तथा रोजगार र स्वरोजगार हुने वातावरण तयार गर्नेदेखि विभिन्न उमेर समूहका युवाको अवस्था र आवश्यकता फरक हुने भएकाले युवालाई १६-२४ वर्ष र २५-४० वर्षका दुई फरक उमेर समूहमा वर्गीकरण गरी लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने जस्ता २४ वटा मूल नीतिहरू रहेका थिए।

## ७. राष्ट्रिय युवा नीतिः २०८२

राष्ट्रिय युवा नीति,२०७२ अनुसार युवा सम्बद्ध क्रियाकलाप हुदै आएकोमा हाल नयाँ नीतिको रुपमा राष्ट्रिय युवा नीति, २०८२ स्वीकृत भएको छ। यस नीतिले युवाको सर्वाङ्गीण विकास गरी राष्ट्र निर्माणमा युवाको योगदान संस्थागत गर्ने दूरदृष्टि राखेको छ।यस नीतिले १८ देखि ३५ वर्षको उमेर समूहलाई युवा मानेको छ।यस नीतिमा गुणस्तरीय, जीवनोपयोगी र रोजगारमूलक शिक्षामा युवाको समावेशी पहुँच स्थापना गरी ज्ञानमा आधारित समाज निर्माण गर्ने, गुणस्तरीय स्वास्थ्य सेवामा युवाको सहज पहुँच सुनिश्चित गर्न एकीकृत स्वास्थ्य प्रणाली विस्तार गर्ने, राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धी मानव पुँजी निर्माण गर्न युवाको व्यावसायिक सिप विकास, अनुसन्धान र स्रोतसाधनमा पहुँच सुनिश्चित गर्ने, कला, साहित्य, संस्कृति एवम् खेलकुदको विकास र विस्तार गरी स्वस्थ, सक्षम र अनुशासित युवा तयार पार्दै अन्तर्राष्ट्रिय जगतमा राष्ट्रको सम्मान अभिवृद्धि गर्ने नीति अबलम्बन गरिएको छ । यसका साथै वातावरण संरक्षण, दिगो विकास र जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलता प्रवर्द्धन गर्न युवा सहभागितामा उत्थानशील समाज तथा जलवायु न्यायको सुनिश्चित गर्ने नीति लिएको छ।यसै गरी अनुसन्धान, अन्वेषण र प्रविधिमा युवाको समावेशी सहभागिता, सहज पहुँच, उच्चतम उपयोग र साइबर सुरक्षा सुनिश्चित गरी प्रविधिमैत्री राष्ट्र निर्माण गर्ने, राज्यको मूल प्रवाहमा पछाडि परेका युवालाई सामाजिक सशक्तीकरण गर्दै लाभको वितरणमा समावेशिता कायम गर्ने, आर्थिक, सामाजिक, साँस्कृतिक र राजनीतिक क्षेत्रका नीति निर्माण प्रक्रियामा युवाको समावेशी र सार्थक सहभागिता सुनिश्चित गर्दै समाज रुपान्तरण तथा राष्ट्र निर्माणमा युवाको नेतृत्वदायी भूमिका स्थापित गर्नेदेखि राष्ट्र निर्माणका लागि युवा सम्वद्ध निकाय र सरोकारवालाहरूसँगको सहकार्य र साझेदारीलाई संस्थागत गरिने जस्ता ९ वटा नीति लिएको छ।

## ८. युथभिजन २०२५ र पाँच आधार स्तम्भको प्रगति समीक्षा

नेपाल सरकारबाट युवाहरूको सर्वाङ्गिण विकासका लागि तयार पारिएको दश वर्षे रणनीतिक योजनासहितको युथ भिजन २०२५ देशका युवा सम्बद्ध विकासमा लक्षित मुलुकको पहिलो विस्तृत खाका हो । यसले नेपाली युवालाई सबल, सक्षम, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउदै उनीहरूको सार्थक सहभागिता र नेतृत्व क्षमताको विकासमार्फत् आधुनिक न्यायपूर्ण र समृद्ध नेपाल निर्माण भएको हुने सोच सहित निम्न पाँच आधार स्तम्भ तय गरेको छ :




युथ भिजन २०२५ कार्यान्वयनको चरणमा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीसहितको नयाँ संविधान जारी भयो । यसका साथै मुलुकमा व्यापक सामाजिक, राजनीतिक परिवर्तन भएको छ। यी स्तम्भहरूको प्रगति हेरौं ।

**स्तम्भ १:** नेपालमा गुणस्तरीय, समतामूलक र सिपमुखी शिक्षाका लागि नीतिगत तथा संस्थागत आधारहरू सुदृढ भएका छन्। शिक्षामा पहुँच विस्तार, बालिका र वञ्चित समुदायका लागि शिक्षा तथा सामाजिक समानता, पाठ्यक्रम, शिक्षण पद्धति तथा मूल्याङ्कन प्रणालीमा आधुनिकीकरण गर्ने प्रयास भएको छ ।अझैपनि शिक्षा क्षेत्रमा सार्वजनिक खर्च कुल ग्राहस्थ उत्पादनको करिब ३.७ प्रतिशत मात्र छ भने उच्च माध्यमिक तहको प्राविधिक तथा व्यावसायिक विषयमा विद्यार्थी भर्नादर कम रहेकोछ ।

**स्तम्भ २:** रोजगारीका लागि प्रधानमन्त्री स्वरोजगार कार्यक्रम, ७५३ स्थानीय तहमा रोजगार सेवा केन्द्रको व्यवस्था, राष्ट्रिय स्टार्टअप उद्यम नीति अन्तर्गत ३ प्रतिशत व्याजदरमा २५ लाख रुपैयाँसम्म ऋण दिइने व्यवस्थासहित स्वरोजगार, लघु, साना तथा मध्यम उद्यमको वृद्धि तथा नवप्रवर्तनलाई जोड दिएको छ। तथापि राष्ट्रिय बेरोजगारी दर र विशेषगरी युवा बेरोजगारी दरलाई शून्य बनाउन सकिएको छैन ।

**स्तम्भ ३:** सार्वजनिक स्वास्थ्यमा लगानी र सामाजिक सुरक्षाको आधार निर्माणमा उल्लेखनीय प्रगति भएको छ। स्वास्थ्य क्षेत्रमा कुल ग्राहस्थ उत्पादनको ४ प्रतिशत बजेट विनियोजन भएको छ। आधारभूत सरसफाइमा ९५ प्रतिशत पहुँच पुगे पनि स्वच्छता सेवा विस्तार गर्न आवश्यक छ।

**स्तम्भ ४:** स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरू मध्ये ४१ प्रतिशतभन्दा बढी २१-४० वर्ष उमेर समूहका प्रमुख,उपप्रमुख वडा अध्यक्ष र वडा सदस्यहरू तथा दलित महिलाको प्रतिनिधित्व भएको छ ।यसरी हेर्दा स्थानीय नीति निर्माण प्रक्रियामा युवा प्रतिनिधित्व अग्रस्थानमा छ ।युवाकेन्द्रित बजेट विनियोजनको मात्रा बढे पनि सबै स्थानीय तहमा एकरूपता कायम गर्न सकिएको छैन ।

**स्तम्भ ५:** खेल क्षेत्रका उपलब्धीले राष्ट्रिय गौरव र युवा सहभागितालाई सुदृढ बनाएको छ। खेलकुद क्षेत्रमा उल्लेख्य बजेट वृद्धि भएको छ। आगामी दिनमा खेलकुद को विकासमा निजी क्षेत्रको प्रायोजनलाई संस्थागत र स्थायी बनाउन आवश्यक छ।

समग्रमा नेपालमा युवा सहभागिताका क्षेत्रमा उल्लेख्य प्रगति हासिल भएको छ । यति हुँदा हुँदै पनि युथ भिजनका कतिपय दीर्घकालीन लक्ष्यहरू प्राप्त गर्न अझै बाँकी रहेको छ ।

## ९. परिषद्बाट १० वर्षमा सम्पादित कार्य र उपलब्धीहरू

स्थापना पछिका १० वर्षमा परिषद्मा प्राप्त बजेट तथा वित्तीय र भौतिक प्रगतिको अवस्था देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट(लाखमा) | वित्तीय प्रगति % | भौतिक प्रगति % |
|---|---|---|---|
| २०७२।७३ | ३३४३.९८ | ७९.४२ | ९९.३७ |
| २०७३।७४ | ३२०० | ७९.४२ | ९९.३७ |
| २०७४।७५ | ३९०० | ८१.३२ | १०० |
| २०७५।७६ | २३०० | ७८.९५ | १०० |
| २०७६।७७ | १९०० | ६३.२७ | ६९.८९ |
| २०७७।७८ | ९५० | ५५.२४ | ८२.५० |
| २०७८।७९ | ९०८ | ८३.३९ | ८६.५२ |
| २०७९।८० | ८४६ | ८५.९८ | ८६.२५ |
| २०८०।८१ | ६५० | ९०.६५ | ९७.२ |
| २०८१।८२ | ९६२ | ५८.९८ | ८४.०२ |
| कुल / औषत | १८९५९.९८ | ७५.६७ | ९०.५१ |

### ९.१ आ.व २०७२।७३ मा सम्पादित मुख्य कार्यक्रमहरू

परिषद्को स्थापना २०७२ साल फागुन १९ गते भएपछि २०७३ असार २६ गते तत्कालिन युवा तथा खेलकुद मन्त्रीबाट कार्यालयको उदघाटन भएको थियो । परिषद्को स्थापना पछि पहिलो छ महिनाको समय कार्यालय र कर्मचारीको व्यवस्थापनमा बितेको थियो ।

### ९.२ आ.व. २०७३।७४ मा सम्पादित मुख्य कार्यक्रमहरू

- अन्तर्राष्ट्रिय युवा दिवस २०१६ र युवा प्रतिभा सम्मान कार्यक्रम सम्पन्न
- राष्ट्रिय युवा परिषद् र गैर आवासीय नेपाली संघको संयुक्त आयोजनामा नेपाली युवाको अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना,

- युवा विकासका सूचकाङ्कमा उत्कृष्ट स्थान रहेको मित्रराष्ट्र श्रीलङ्काको सप्ताह व्यापी अवलोकन भ्रमण गरी आगामी दिनमा अनुभव आदान प्रदानलाई निरन्तरता दिन द्विपक्षीय समझदारी गर्ने वातावरण निर्माण,
- मित्र राष्ट्र भारत र चीनका युवा प्रतिनिधि मण्डललाई नेपालमा स्वागत गरी अन्तरक्रिया सम्पन्न,
- उद्यमशिलता र रोजगारी तथा लागु पदार्थ दुर्व्यसन विरुद्ध सचेतना विषयमा १८०० जना युवालाई परामर्श सेवा प्रदान,
- युवा लक्षित कार्यक्रम निर्माण र कार्यान्वयनमा स्थानीय तहको भूमिकाका विषयमा स्थानीय तहका जनप्रतिनिधिसँग छलफल र अन्तरक्रिया सम्पन्न,
- युवा प्रतिभा पहिचान गरी उत्कृष्ठ युवा उद्‍यमीलाई पुरस्कार र सम्मान,
- वागमती सफाइ महाअभियानमा भौतिक सहयोग र सहभागिता प्रदान,
- शंखरापुर नगरपालिका काठमाडौं सँगको समन्वयमा उक्त नगरपालिकाको वडा न ३ चौकी भञ्ज्याङमा रहेको ३८ रोपनी जमिनमा वृक्षारोपण कार्यक्रम सञ्चालन,
- निर्वाचन क्षेत्रका दशजना युवाहरूको २३३ उद्यमी समुहलाई उद्यम प्रस्तावका आधारमा व्यवसाय गरी स्वरोजगार वन्नका लागि प्रति समुह रू. ५ लाखका दरले ५ वर्ष भित्रमा फिर्ता गर्ने गरी निब्र्याजी ऋण उपलब्ध गराइएको,
- ५०७ जना युवाहरूलाई ३९० घण्टे व्यवसायिक सिप विकास तालिम प्रदान गरिएको र १८२ जना युवालाई मागमा आधारित छोटो अवधिको तालिम प्रदान,
- अपाङ्गता भएका २५० जना युवाहरूलाई सहयोग सामग्री प्रदान,
- युवा सचेतना उद्यमशिलता रोजगारी तथा युवा सिर्जनशीलताका सफल अभ्यास समेटिएको *विकास र समृद्धिमा युवा* टेलिश्रृङ्खला २१ भागसम्म नेपाल टेलिभिजनबाट प्रशारण,
- युवा विप्रेषण लगानी तथा सामाजिक सुरक्षा कोषको स्थापना गरी कोषमा ५१ लाख रुपैया जम्मा गरिएको,

- युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका २०७३ युवा सिप तथा नेतृत्व विकास निर्देशिका २०७३ युवा सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७३ सूचनाको हक सम्बन्धी निवेदनको कारबाही र किनारा गर्ने आन्तरिक कार्यविधि २०७३ तर्जुमा,

## ९.३ आ.व. २०७४।०७५ मा सम्पादित मुख्य कार्यक्रमहरू

- युवा सम्बन्धी नीतिगत दस्तावेजहरू चौमासिक युवा वुलेटिन, युवा लक्षित कार्यक्रमको चिनारी ब्रोसियर जस्ता जानकारीमूलक सामग्रीको उत्पादन, छपाइ तथा वितरण,
- युवा उद्यमशीलताको प्रभावकारिता सम्बन्धी अध्ययन अनुसन्धान
- युवा वैज्ञानिक विद्यार्थी तथा अनुसन्धानकर्ताहरूका लागि तीन दिनको विज्ञान सूचना प्रविधि राष्ट्रिय युवा सम्मेलन,
- गुणस्तरीय सार्वजनिक शिक्षा सम्बन्धी शैक्षिक सम्मेलन,
- भौगोलिक तथा सांस्कृतिक अवलोकन युवा उद्यम र सम्भावनाको पहिचान र उत्कृष्ठ उद्यमीलाई प्रोत्साहन तथा युवा लक्षित कार्यक्रमको प्रचारप्रसार समेत हुने गरी ३५० जना युवाहरूका लागि अन्तर प्रदेश युवा अनुभव आदान प्रदान,
- अपाङ्गता भएका युवाहरूका लागि सहयोग सामग्री वितरण
- ९३१ जना युवालाई सिप विकास तालिम तथा उद्यमका लागि सहायता वितरण र ५५० जना तालिम प्राप्त युवाका लागि सिप परीक्षण गर्न सिटिइभिटीसँग सम्झौता,
- लोपोन्मुख परम्परागत सिपहरूको पहिचान गरी १४२ जना युवाहरूलाई तालिम प्रदान,
- ३०९ जना युवा उद्यमीहरूलाई उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम प्रदान,
- १४ स्थानीय तहका ११८ वटा वडामा वडा युवा क्लवको गठन गरी ३ दिने नमुना युवा संसद अभ्यास र संघीय तहमा ५ दिने नमुना युवा संसद कार्यक्रम सञ्चालन,

- पुरस्कृत युवा प्रतिभा तथा युवा उद्यमीहरूको राष्ट्रिय सञ्जालको गठन,
- राष्ट्रपति युवा महिला उद्यम कार्यक्रम अन्तर्गत नवलपरासी, रुपन्देही र कपिलवस्तु र मधेश प्रदेशका ८ जिल्ला गरी ११ जिल्लाका महिला उद्यम समुहका ३६० जना महिलाकालागि आय आर्जन कार्यक्रम सञ्चालन,
- राष्ट्रव्यापी युवा गीत लेखन र *समृद्ध नेपाल सुखी नेपाली* विषयक वक्तृत्वकला प्रतियोगिता सञ्चालन,
- शैक्षिक प्रमाण पत्रको आधारमा ४७ जना वेरोजगार युवालाई प्रतिव्यक्ति रु २ लाखका दरले उद्यम सञ्चालन गर्न ऋण सहयोग प्रदान,
- ७४ जिल्लाका १७४ वटा युवा उद्यम समुह छनोट गरी युवा उद्यम कार्यक्रम सञ्चालन गर्न प्रति समुह रु ५ लाखका दरले ऋण सहयोग प्रदान,
- ४३९३ जना युवाहरूलाई विभिन्न विषयमा परामर्श सेवा प्रदान,
- संघीय सांसद, प्रदेश सांसद, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षहरूको सहभागितामा युवा लक्षित कार्यक्रम निर्माण र कार्यान्वयनमा जनप्रतिनिधिको भूमिका विषयमा बृहत् अन्तरक्रिया सम्पन्न,
- लोपोन्मुख परम्परागत सिप युवा पुस्तामा हस्तान्तरण प्रवर्धन तथा प्रमाणीकरण कार्यविधि, २०७५, युवा उद्यमका लागि शैक्षिक प्रमाणपत्रका आधारमा ऋण सहयोग कार्यक्रम सञ्चालन निर्देशिका, २०७५, राष्ट्रपति युवा महिला उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ र नमूना युवा संसद सञ्चालन कार्यविधि, २०७५ तर्जुमा ।

## ९.४ आ. व. २०७५/७६ मा सम्पादित मुख्य कार्यक्रमहरू

- युवा लक्षित कार्यक्रमको निर्माण तथा कार्यान्वयनमा स्थानीय तहको भूमिका अभिवृद्धि गर्ने अन्तरक्रिया सम्पन्न,
- युवा उद्यमशीलता र रोजगार प्रवर्धन, विभिन्न निकायमा युवाका लागि सम्भावना र अवसर जस्ता विषयमा युवा परामर्श प्रदान,

- सूचनाको हक प्रचलनका लागि सरकारी निकायको भूमिका विषयमा अन्तरक्रिया,
- युवा उद्यमीहरूको वृहत् सम्मेलन सम्पन्न,
- रिटर्नी माइग्रेन्सहरूको वृहत भेला सम्पन्न,
- खेल तथा स्वास्थ्य सचेतना गोष्ठी सम्पन्न,
- सार्वजनिक शिक्षा सवलीकरण गर्न सरोकारवालाहरूको लागि गोष्ठी आयोजना,
- अपाङ्गता भएका युवाहरूसँग अन्तरक्रिया सम्पन्न,
- लोपोन्मुख परम्परागत सिप युवा पुस्तामा हस्तान्तरण प्रवर्धन र प्रमाणीकरणका लागि सुनचाँदी व्यवसायीहरूको गोष्ठीको आयोजना
- १२ वटा पराम्परागत सिपहरूको पहिचान गरी परम्परागत सिपहरूको प्रोफायल तयार,
- युवाको नेतृत्व क्षमता विकास सम्बन्धी २० जना प्रमुख प्रशिक्षक प्रशिक्षण विकास,
- नमुना युवा संसद सञ्चालन सम्बन्धी ३५ जना प्रमुख प्रशिक्षक विकास,
- वडा स्तरीय युवा क्लवका पदाधिकारीका लागि अभिमुखीकरण,
- अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) सँग समन्वय गरी उद्यमशिलता विकास र वित्तीय साक्षरता सम्बन्धी सातदिने प्याकेज निर्माण,
- सातवटै प्रदेशमा प्रदेश स्तरीय नमुना युवा संसद अभ्यास सञ्चालन,
- ८५ जना युवाको सहभागितामा ४ दिवसीय संघीय तहको नमुना युवा संसद कार्यक्रम सञ्चालन गरी प्रधानमन्त्री निवास वालुवाटारमा युवाहरूको भ्रमण । सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीबाट युवाहरूलाई उत्प्रेरणा र मार्गदर्शन प्रदान,
- १२०० जना युवालाई सकारात्मक सोच प्रवर्धन उद्यमशीलता र रोजगार जस्ता विषयमा परामर्श सेवा प्रदान,
- १४ स्थानीय तहमा युवा मैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण ।

### ९.५ आ.व. २०७६।७७ मा सम्पादित मुख्य कार्यक्रमहरू

- युवा सञ्चार रेडियो कार्यक्रम उत्पादन गरी रेडियो नेपाल र सामुदायिक रेडियो प्रशारक संघ अकोराव ACORAB मार्फत् साप्ताहिक रुपमा रेडियो कार्यक्रम प्रशारण,
- परिषद् र काठमाडौं विश्वविद्यालय अन्तर्गतको IDEA School बीच Youth Business Incubation Centre सञ्चालन गर्ने सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर,
- कोशी प्रदेशमा Youth Incubation Centre स्थापना सञ्चालन र व्यवस्थापनका लागि सामाजिक विकास मन्त्रालय कोशी प्रदेश मदन भण्डारी स्मृति प्रतिष्ठान र राष्ट्रिय युवा परिषद् बिच त्रिपक्षीय समझदारी पत्रमा हस्ताक्षर,
- विश्वविद्यालयमा अध्ययनरत १५९ जना युवा विद्यार्थीलाई युवा परामर्श प्रदान,
- लैङ्गिक हिंसा, जातीय विभेद तथा छुवाछुत विरुद्धमा युवा अभियान सञ्चालन गर्न सरोकारवालाहरूसँग समन्वय बैठक सम्पन्न,
- ३० जना युवाहरूको सहभागितामा अन्तर प्रदेश स्तरीय युवा अनुभव आदान प्रदान भ्रमण सम्पन्न,
- ६६० जना युवाहरूका लागि उद्यमशीलता विकास तथा वित्तीय साक्षरता तालिम सञ्चालन,
- परिषद्मा २० वटा कम्प्युटर जडान गरी कम्प्युटर ल्याव युथ पोर्टल र इलाईब्रेरीको थालनी गरिएको,
- राष्ट्रिय युवा प्रतिभा तथा उद्यमी सञ्जाल, रिटर्नी माइग्रेन्ट युवा सञ्जाल, सामाजिक संघ सस्था युवा सञ्जाल, संघीय युवा क्लव सञ्जाल राष्ट्रिय पुनस्थापना युवा सञ्जाल र परम्परागत सिपमा आधारित पेशा व्यवसायमा संलग्न युवा सञ्जाल गरी ६ वटा युवा सञ्जालको गठन,
- ३०० जना युवा बैज्ञानिकको सहभागितामा विज्ञान तथा प्रविधि युवा सम्मेलन सम्पन्न,

- प्रदेश स्तरमा शिक्षाको रुपान्तरणमा युवाको भूमिका विषयक वक्तृत्वकला प्रतियोगिताको आयोजना गरी छनौट भएका युवाहरू बीच संघीय स्तरमा भर्च्युअल माध्यमबाट युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिएको,
- मधेश प्रदेशका बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा, र सप्तरी जिल्लामा स्वयंसेवक विकास गरी परिचालन गरिएको,
- राष्ट्रिय गजल महोत्सवको आयोजना गरिएको,
- सूचकका आधारमा युवामैत्री स्थानीय तहको मूल्याङ्कन गरी प्रोत्साहन स्वरुप पुरस्कृत गरिएको,
- प्रतिस्पर्धाको आधारमा छनौट भएका विज्ञान तथा प्रविधि क्षेत्रमा अनुसन्धान गर्ने ३२ जना युवाहरूलाई प्रति अनुसन्धान रु ५० हजारका दरले अनुदान प्रदान गरिएको,
- अपाङ्गता भएका १७८ जना युवाहरूका लागि सहयोग सामग्री वितरण
- विभिन्न १० विषयमा विज्ञमार्फत भर्च्युअल माध्यमबाट युवा परामर्श प्रदान गरिएको,
- अन्तर्राष्ट्रिय युवा दिवस, २०१९ संघीय नमुना युवा संसद अभ्यास २०७६ र राष्ट्रिय युवा परिषद्को डकुमेन्ट्री निर्माण,
- ५०० जना युवाहरूलाई ट्राफिक सम्बन्धी आधारभूत जानकारी गराई ट्राफिक स्वयंसेवकको रुपमा परिचालन,
- परिषद्द्वारा आयोजित विभिन्न कार्यक्रममा प्रधानमन्त्रीले युवालाई दिनु भएका सन्देशहरू समेटिएको युवालाई प्रधानमन्त्रीको सन्देश नामक पुस्तक प्रकाशन,
- अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा रक्तदान कार्यक्रमको आयोजना,
- १०० जना युवाको सहभागितामा Youth Motivation and Happiness Training सञ्चालन,
- युवाका लागि सञ्चालन हुने छोटो अवधिको ब्यवसायिक सिप विकासको तालिमलाई प्रभावकारी वनाउने र युवाले हाँसिल गरेको सिपलाई सिप

परीक्षण गरी प्रमाणीकरण समेत गर्ने उद्देश्यले परिषद् र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का वीच द्विपक्षीय समझदारी,

- प्रदेश र स्थानीय तहले तर्जुमा गर्नु पर्ने बार्षिक नीति तथा कार्यक्रममा युवाका कार्यक्रम समावेश गर्न सहजीकरण गर्ने उद्देश्यले नमुना नीति तथा कार्यक्रम विकास गरी सबै प्रदेश र स्थानीय तहमा सम्प्रेशण,
- परिषद् कार्यालयमा युवा सूचना केन्द्र (Youth Desk) को स्थापना,
- युवा नवप्रवर्तनका विषयमा सहकार्य र साझेदारीका लागि राष्ट्रिय युवा परिषद् र राष्ट्रिय आविष्कार केन्द्र बिच कार्यदल गठन गर्ने समझदारी,
- कोरोना महामारीका बिरुद्धमा विभिन्न स्थानमा सचेतना तथा मनोपरामर्श सेवा प्रदान गरिएको ।

## ९.६ आ.व. २०७७/०७८ मा सम्पादित मुख्य कार्यक्रमहरू

- ७१० जना युवाहरूलाई सहुलियतपूर्ण कर्जाकालागि उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम प्रदान,
- Mental Health Care During Covid 19, कृषि उद्यमशीलता प्रवर्धनमा प्रविधिको प्रयोग र वित्तीय व्यवस्थापन, सहुलियतपूर्ण कर्जाकालागि प्रस्ताव लेखन, उद्यम प्रवर्धनमा सुरुआती पुँजी, युवा सशक्तीरण र महिला संलग्नता शिक्षा स्वास्थ्य सचेतना मनोपरामर्श र मातृ स्वास्थ्य, Employment and Self Employment Opportunity for persons with Disabilities जस्ता विषयमा ४००० जना युवालाई परामर्श र मार्गदर्शन प्रदान,
- भर्च्युअल माध्यमबाट सातै प्रदेशमा कूल २८४ युवाहरूका लागि नमुना युवा संसद कार्यक्रम सञ्चालन र संघीय तहमा ९० जना युवाहरूकालागि नमुना युवा संसद अभ्यास आयोजना गरी युवाको नेतृत्व विकास गरिएको,
- युवालाई बैज्ञानिक खोज अध्ययन र अनुसन्धानमा सहयोग गर्नका लागि भर्च्युअल माध्यमबाट ३२९ जना युवाको सहभागितामा २ दिने युवा बैज्ञानिक सम्मेलनको आयोजना र विज्ञान विषय लिई अध्ययन गरिरहेका स्नातकोत्तर तहका ३१ जना विद्यार्थीहरूलाई अनुसन्धान सहयोग रकम उपलब्ध गराइएको,

- कोभिड विरुद्ध स्वास्थ्य सचेतना विपत् ब्यवस्थापन, सार्वजनिक शिक्षाको सवलीकरण र मानवीय सेवा लगायत १० विषयमा सामाजिक रुपान्तरण र समृद्धिका लागि कूल ३१६३ जना युवाहरू परिचालन गरिएको,
- प्रदेशबाट छनौट भई आएका २१ जना युवाको सहभागितामा समृद्धि राष्ट्र निर्माणका लागि युवाका विचार लेखन प्रतियोगितको आयोजना गरी युवा प्रतिभाको खोजी तथा प्रोत्साहन गरिएको,
- युवा जागरण सचेतना युवाको सफलताका कथा तथा राष्ट्रिय युवा परिषद्का समसामयिक गतिविधिहरू समेटिएको युवा सञ्चार रेडियो कार्यक्रम ५२ श्रृङ्खला उत्पादन गरी रेडियो नेपाल र विभिन्न १६ वटा एफएमबाट साप्ताहिक रुपमा प्रसारण गरिएको,
- परिषद् र विभिन्न ६ वटा गैर-सरकारी संघसंस्थासँग समन्वय र साझेदारी गरी ३०० युवा शिक्षकका लागि आइसिटी सम्बन्धी सिप विकास तालिम, ३५ जना युवाका लागि सिएफएल चिम उत्पादन सम्बन्धी तालिम र ३० जना युवाका लागि गुर्जोको विरुवा उत्पादन सम्बन्धी तालिम प्रदान गरिएको,
- युवा क्लव गठन र नमुना युवा संसद अभ्यास कार्यक्रमको प्रभावकारिता पहिचान गर्न अध्ययन गराइएको । जसमा यी दुवै कार्यक्रमहरू युवाको नेतृत्व विकासमा प्रभावकारी रहेको निश्कर्ष रहेको,
- अपाङ्गता भएका १०० जना युवाहरूलाई राष्ट्रिय अपाङ्ग कोषसँगको सहकार्यमा विभिन्न सामग्री प्रदान गरिएको,
- काभ्रेपलान्चोक जिल्लाको नमोबुद्ध नगपालिकाको वडा नं ६ मा रहेको आरुबारी चौरमा राष्ट्रिय युवा नवप्रवर्तन केन्द्रको स्थापना र सञ्चालनकालागि गुरुयोजनाको मस्यौदा तयार गरिएको,
- उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम सञ्चालनका लागि ६९ जना प्रशिक्षकहरू उत्पादन गरिएको,
- विभिन्न वाणिज्य बैङ्कहरू र स्थानीय तहसँगको सहकार्यमा १८ समुहमा युवाहरूलाई उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम प्रदान गरिएको,

- कोभिडका कारण वैदेशिक रोजगारी गुमाएर फर्किएका ८४ जना युवाहरूका लागि बाख्रापालन बंगुरपालन र च्याउ खेती सम्बन्धी १३० घण्टे तालिम प्रदान गरिएको,
- प्लान इन्टरनेशनल नेपालसँगको सहकार्यमा स्थानीय तहको सरकार सञ्चालनमा युवाको सहभागिताका वारेमा अध्ययन गरिएको,
- स्थानीय तहको योजना प्रक्रियामा युवा सहभागिता सम्बन्धी नमुना कार्यविधि २०७८ निर्माण गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत गरी स्थानीय तहहरूमा पठाइएको,
- नमुना युवा संसद अभ्यास सञ्चालनका लागि ५५ जना युवाहरूलाई प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरिएको,
- नमुना युवा गाउँ/नगर सभा सञ्चालन प्रशिक्षक सहजीकरण पुस्तिका विकास गरी प्रकाशन गरिएको,

## ९.७ आ.व. २०७८/७९ मा सम्पादित मुख्य कार्यक्रमहरू

- युवालाई वैज्ञानिक खोज अध्ययन अनुसन्धान जस्ता कार्यमा प्रोत्साहित गर्न २५० जना युवाको सहभागिता मधेश प्रदेशको राजधानी जनकपुरमा २ दिने युवा बैज्ञानिक सम्मेलनको आयोजना,
- विभिन्न विषयमा केन्द्रित भई १०२७ जना युवालाई स्वयंसेवकको रुपमा विकास गरी परिचालन गरिएको,
- युवा नवप्रवर्तनात्मक विचार विषयमा प्रतियोगिताको आयोजना गरी उत्कृष्ट स्थान हासिल गर्ने युवालाई प्रोत्साहित गरिएको,
- विज्ञान तथा प्रविधि सम्बन्धी विषयमा स्नातकोत्तर गरिरहेका ३० जना युवा विद्यार्थीलाई अनुसन्धान सहयोग अनुदान उपलब्ध गराइएको,
- ९५५ जना युवाहरूलाई ७ दिने उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम प्रदान गरिएको,
- युवा जागरण सचेतना युवाका सफलताका कथा समेटिएको युवा सञ्चार रेडियो कार्यक्रम उत्पादन गरी १६ वटा एफएम रेडियोबाट प्रशारण गरिएको,

- युवा लक्षित नीति तथा कार्यक्रमहरू युवा अनुकूल भए नभएको, नीति कार्यान्वयनमा देखिएका समस्या र चुनौतीहरू के हुन्? जस्ता विषयमा नीति निर्माता युवा सरोकारवालाहरू सहितको नीति वहस कार्यक्रम ३ स्थानमा सञ्चालन गरिएको,
- ५४ जना युवाहरूलाई उद्यमशीलताको भावना जगाई स्वरोजगार मार्फत आत्मनिर्भर वनाउने उद्देश्यकासाथ अनुभव आदान प्रदान भ्रमण गराइएको,
- विभिन्न संघ सस्थाको साझेदारीमा भएका कार्यक्रम मार्फत कूल ५४५ युवाहरू लाभान्वित भएको,
- १०० जना अपाङ्गता भएका युवाहरूलाई विभिन्न सहायता सामग्री प्रदान गरिएको,
- ८७६ जना युवाहरूलाई परामर्श सेवा उपलब्ध गराइएको,
- युवा प्रतिभाको पहिचान गरी प्रोत्साहन गर्न युवाहरूलाई उद्यमशीलता सम्बन्धी कार्यहरू तथा सोचहरू प्रस्तुत गर्न लगाई उत्कृष्ट स्थान हासिल गर्ने युवालाई प्रोत्साहित गरिएको,
- २०७९ सालको स्थानीय तहको निर्वाचनमा भक्तपुर ललितपुर र धादिङ् जिल्लामा खटिएका १३०० म्यादि प्रहरीहरू र अन्य विभिन्न स्थानका युवा सहित २३१७ जना युवाका लागि १ दिने उद्यम परामर्श कार्यक्रम सञ्चालन गरिएको,
- मुलुकभरका ८५ वटा विद्यालयहरूमा एक विद्यालय एक उद्यम कार्यक्रम सञ्चालन गरिएको,
- स्थानीय तहहरूमा नमुना युवा संसद अभ्यास गराउनका लागि ७७ जना युवालाई प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरिएको,
- संघीय तहमा ८० जना युवाहरूको सहभागितामा संघीय नमुना युवा संसद अभ्यास कार्यक्रम सञ्चालन गरिएको,
- युवा जागरण सचेतना युवाका सफलताका कथा समेटिएको युवा सञ्चार रेडियो कार्यक्रम उत्पादन गरी १६ वटा एफएम रेडियोबाट प्रशारण गरिएको,

- युवा लक्षित नीति तथा कार्यक्रमहरू युवा अनुकूल भए नभएको, नीति कार्यान्वयनमा देखिएका समस्या र चुनौतीहरू के हुन्? जस्ता विषयमा नीति निर्माता युवा सरोकारवालाहरू सहितको नीति वहस कार्यक्रम ३ स्थानमा सञ्चालन गरिएको,
- ५४ जना युवाहरूलाई उद्यमशीलताको भावना जगाइ स्वरोजगार मार्फत आत्मनिर्भर वनाउने उद्देश्यकासाथ अनुभव आदान प्रदान भ्रमण गराइएको,
- विभिन्न संघसंस्थाको साझेदारीमा भएका कार्यक्रम मार्फत कूल ५४५ युवाहरू लाभान्वित भएका,
- संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमसँगको सहकार्यमा कोभिड १९ को कारण रोजगारी गुमाएर विदेशबाट फर्किएका युवाहरूको सिप तथा आवश्यकता मूल्याङ्कन सम्बन्धी तथ्याङ्क संकलन गरिएको ।

### ९.८ आ.व. २०७९।०८० मा सम्पादित मुख्य कार्यक्रमहरू

- युवालाई बैज्ञानिक खोज अध्ययन अनुसन्धान जस्ता कार्यमा प्रोत्साहित गर्न २५० जना युवाको सहभागितामा सूदुरपश्चिम प्रदेशको धनगढीमा २ दिने युवा वैज्ञानिक सम्मेलनको आयोजना गरी ४००० भन्दा वढी व्यक्तिबाट प्रदर्शनीको अवलोकन,
- विभिन्न विषमा केन्द्रित भई ८३३ जना युवालाई स्वयंसेवकको रुपमा विकास गरी परिचालन गरिएको,
- विज्ञान तथा प्रविधि सम्बन्धी विषयमा स्नातकोत्तर गरिरहेका १७ जना युवा विद्यार्थीलाई अनुसन्धान सहयोग अनुदान उपलब्ध गराइएको,
- ११०० जना युवाका लागि १ दिने उद्यम परामर्श कार्यक्रम सञ्चालन गरिएको,
- नेपालको न्याय प्रणाली, युवा र उद्यमशीलता, युवा नेतृत्व, युवा र युवा नीति जस्ता विषयमा ४१३ जना युवालाई युवा परामर्श गरिएको,
- एक विद्यालय एक उद्यम र सहुलियत पुर्ण कार्जाका लागि वित्तीय साक्षरता कार्यक्रमको तेस्रो पक्षबाट प्रभावकारिता मूल्याङ्कन गराइएको,

- नवीनतम सोच भएका युवाहरूबाट ७९ वटा नवीनतम सोचहरू संकल गरी ती मध्ये उत्कृष्ठ १४ वटा नवीनतम सोच र सोसँग सम्बन्धित १६ जना युवाहरूलाई १० दिने इन्क्युवेशन बुटक्याम्पमा राखी सोचलाई उद्यममा रुपान्तरण गर्न प्रशिक्षण गरिएको,
- प्रदेशमा युवा नवप्रवर्तनात्मक विचार प्रदर्शनी तथा प्रस्तुतीकरण गर्न लगाई छनौट भएर आएका नवप्रवर्तनात्मक विचार भएका युवाहरूका बिचमा केन्द्रमा प्रतिस्पर्धा गराई उत्कृष्ट प्रतियोगीलाई पुरस्कृत गरिएको,
- विज्ञ, नीति निर्माता, युवा जनप्रतिनिधिहरू र युवाहरू समेत गरी १२९ जनाको सहभागितामा युवा नीति वहस छलफल कार्यक्रम आयोजना गरी नीतिगत सुधारका लागि सुझाव सङ्कलन गरिएको,
- उद्यमी युवाहरू र सम्भावित युवा उद्यमीहरू समेत गरी ३० जनाको संलग्नतामा युवा अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन गरिएको,
- नमुना युवा संसद कार्यक्रमलाई प्रभावकारी तुल्याउन ११० जना युवाहरूलाई युवा क्लव गठन तथा नमुना युवा संसद अभ्यास कार्यक्रमको प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरिएको,
- संघीय तहमा ९३ जना युवाहरूको सहभागितामा संघीय नमुना युवा संसद अभ्यास कार्यक्रम सञ्चालन गरिएको,
- युवा परिषद्को चिनारी दिने २ वटा भिडियो निर्माण, युवा जागरण गीत निर्माण र युवा तथ्याङ्क सम्बन्धमा अनुसन्धानात्मक प्रतिवेदन तयार गरिएको,
- २०० जना युवाको सहभागितामा संयुक्त राष्ट्र संघीय नमुना महासभा Model United Nations कार्यक्रम सम्पन्न गरिएको,
- अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूका अवसर र चुनौति विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न,
- राष्ट्रिय गजल प्रतियोगिता, टिकटक प्रतियोगिता, भिडियो प्रतियोगिता र रक्तदान कार्यक्रम आयोजना गरिएको,

- गठन भएका १० मध्ये ५ वटा युवा सञ्जालले विभिन्न कार्यक्रमहरू सञ्चालन गरी सामाजिक जागरण र रुपान्तरणमा सहयोग गरेको यी कार्यक्रमहरूबाट ४३५ युवाहरू लाभान्वित भएका,
- परिषद् आवद्ध १४ वटा संघ सस्थासँगको सझेदारीमा युवा लक्षित विभिन्न कार्यक्रम सञ्चालन गरिएको । यी कार्यक्रमहरूबाट १०५० जना युवाहरू लाभान्वित भएको,
- युवाका स्वरोजगारमूलक व्यवसायहरू र युवाले सञ्चालन गरेका उद्यमहरू बिचको एक अर्काको कार्यको अवलोकन गरेर सिक्ने सिकाउने अवसरका लागि २७ जना युवाहरूलाई काठमाडौंबाट सुदूर पश्चिम प्रदेशको कैलाली र कञ्चनपुरमा अनुभव आदानप्रदान भ्रमण गराइएको ।

## ९.९ आ.व. २०८०/८१ मा सम्पादित मुख्य कार्यक्रमहरू

- ५०० जना युवाहरूको सहभागितामा काठमाडौंमा युवा वैज्ञानिक सम्मेलनको आयोजना गरिएको,
- ७४६ जना युवाहरूलाई विभिन्न विषय क्षेत्रमा स्वयंसेवकको रुपमा विकास गरी परिचालन गरिएको,
- विज्ञान तथा प्रविधि विषयमा स्नातकोत्तर तहको अध्ययन गरिरहेका १२ जना विद्यार्थीहरूलाई शोध अनुसन्धानका लागि अनुदान प्रदान गरिएको,
- ८१५ जना युवाहरूलाई उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम प्रदान गरिएको,
- ७५२ जना युवाहरूलाई युवा परामर्श सेवा उपलब्ध गराइएको
- दलित अल्पसंख्यक तथा सिमान्तकृत वर्गका युवालाई सार्वजनिक सेवामा पहुँच पुऱ्याउन ११५० जना युवाहरूका लागि अनलाइन माध्यमबाट लोकसेवा आयोगले लिने परीक्षाका लागि नासु र अधिकृत स्तरको परीक्षा तयारी कक्षा र शिक्षक सेवा आयोगले लिने निम्नमाध्यमिक र माध्यमिक तहका लागि परीक्षाको तयारी कक्षा सञ्चालन गरिएको,

- २१ वटा नवीनतम सोच र त्यससँग सम्बन्धित २३ जना युवाहरूलाई ८ दिने इन्क्युवेशन बुटक्याम्पमा राखी उनीहरूको सोचलाई उद्यममा रुपान्तरण गर्न सहयोग गरेको,
- प्रदेशबाट छनौट भई आएका युवा नवउद्यमी प्रतिभाहरूको संघीय तहमा प्रतिस्पर्धा गराई नगद पुरस्कारसहित प्रोत्साहित गरिएको,
- युवामैत्री स्थानीय तह विकासका लागि प्रस्तावका आधारमा ८६ वटा स्थानीय तहका जनप्रतिनिधि १,१ जना र कर्मचारी १,१ जनाका दरले १७२ जनालाई अभिमुखीकरण गरिएको,
- युवा लक्षित नीति तथा युवाका सवालमा नीतिगत छलफल र बहस पैरवीको लागि ४ स्थानमा कूल २६४ जनाको सहभागितामा कार्यक्रम आयोजना गरी युवा नीतिको सञ्चार गरिएको,
- युवाका स्वरोजगारमूलक व्यवसायहरू र युवाले सञ्चालन गरेका उद्यमहरू बिच एक अर्काका कार्यको अवलोकन गरेर सिक्ने सिकाउने अवसरका लागि २५ जना युवाहरूलाई काठमाडौंबाट कोशी प्रदेशको झापा र इलाममा अनुभव आदानप्रदान भ्रमण गराइएको,
- सहिद वेपत्ता तथा द्वन्द प्रभावित युवाको क्षमता विकास गर्न प्रभावित २१ जना युवाहरूलाई प्रस्ताव लेखन र आर्टिफिसियल इन्टेलिजेन्ट (AI) टुल्स सम्बन्धी ७ दिने तालिम र ७५ जनालाई सूचनाको हक, साइवर सुरक्षा र लैङ्गिक समानता सम्बन्धी तालिम प्रदान गरिएको,
- युवाको वहुआयामिक नेतृत्व क्षमता विकास गर्न ३० जना युवाहरूलाई ३ दिने नेतृत्व क्षमता विकास तालिम प्रदान गरिएको
- कला साहित्य र संगीत क्षेत्रमा क्रियाशिल युवाहरूलाई प्रोत्साहित गर्न राष्ट्रिय युवा गायन प्रतियोगितको आयोजना गरिएको,
- ९० जना युवाहरूको सहभागितामा ४ दिने नमुना युवा संसद अभ्यास गरिएको,
- २०० जना युवाको सहभागितामा ४ दिने संयुक्त राष्ट्र संघीय नमुना महासभाको आयोजना गरिएको,

- मैत्रीपूर्ण फुटवल प्रतियोगिता, टिकटक प्रतियोगिता, राष्ट्रिय दोहोरी गीत प्रतियोगिता, युवा उद्यमशीलता वहस, बृक्षारोपण, रक्तदान र प्रभातफेरि एवं मुल समारोहको आयोजना गरी अन्तर्राष्ट्रिय युवा दिवस २०२३ मनाइएको,
- गठन भएका ११ वटा युवा संजाल मध्ये ७ वटा सञ्जालको सक्रियतामा सामाजिक जागरण र रुपान्तरण सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको । यी कार्यक्रमहरूबाट ४०० जना युवाहरू लाभान्वित भएको,
- राष्ट्रिय युवा परिषद्मा आवद्ध भएका १२६ वटा गैर सरकारी संघ संस्था मध्ये १४ वटा संघ सस्थासँगको साझेदारीमा विभिन्न युवा लक्षित कार्यक्रमको आयोजना गरिएको । यी कार्यक्रमहरूमा कूल १०५० जना युवाको सहभागिता रहेको,
- अपाङ्गता भएका २० जना युवालाई ७ दिने आधारभूत कम्युटर तालिम र २० जना सुस्त श्रवण भएका युवाहरूलाई ५ दिने युवा सशक्तीकरण तथा नेतृत्व विकास र क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको,
- राष्ट्रिय युवा परिषद्को स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रमको आयोजना गरिएको ।

## ९.१० आ. व. २०८१।०८२ मा सम्पादित मुख्य कार्यक्रमहरू

- ३०० जना युवाहरूको सहभागिमा Youth in Emerging Technology: Robotics, AI and Drone शीर्षकमा काठमाडौंमा युवा वैज्ञानिक सम्मेलनको आयोजना गरिएको,
- ६४२ जना युवाहरूलाई विभिन्न विषय क्षेत्रमा स्वयंसेवकको रूपमा विकास गरी परिचालन गरिएको,
- १०५५ जना युवालाई ७ दिने उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम प्रदान गरिएको,
- टेलर वा गार्मेन्ट मेसिन अपरेटर, इलेक्ट्रिसियन, कुक बेकरी, मोबाइल रिपेयरिङ् र जुनियर व्युटिसियन गरी जम्मा ६ विषयमा गरी कूल ३४०

जना युवालाई १६० देखि १८० घण्टे रोजगारमूलक सिप विकास तालिम प्रदान गरिएको,

- १४८१ जना युवाहरूलाई युवा मार्गदर्शन तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइएको,
- युवा नवप्रवर्तन तथा इन्क्युवेशन कार्यक्रममा सूचना तथा सञ्चार प्रविधि र उद्योग प्रवर्द्धनका लागि प्रविधिको विकास, नवीनतम कृषि र उर्जा, पर्यटनको प्रवर्द्धनका लागि वस्तु तथा सेवाको विकास र खाद्य प्रविधि विषयमा ४ स्थानमा ८० जना नवीनतम सोच भएका युवालाई ७ दिन सहभागी गराई प्रशिक्षित गरिएको,
- राजवंशी समुदायमा प्रचिलत परम्परागत सिप युवा पुस्तामा हस्तान्तरण गर्न लागि सो समुदायका ३० जना युवाका लागि झापाको कचनाकवलमा जुटको दरी (झल्ला) बुन्ने तालिम प्रदान गरिएको,
- युवा परिषद्बाट सञ्चालित कार्यक्रमहरूको भिडियो डकुमेन्ट्री निर्माण लाइभ प्रशारण र नवयुवा प्रतिभा तथा उद्यमीहरूको सफलताको कथाको भिडियो डकुमेन्ट्री निर्माण, गरी युवा विकासका गतिविधिहरू सञ्चार गरिएको,
- ९१ जना युवाको सहभागितामा ४ दिने संयुक्त राष्ट्र संघीय नमुना महासभाको आयोजना गरिएको,
- ७६ जना युवाहरूको सहभागितामा नमुना युवा संसद कार्यक्रमको आयोजना गरिएको,
- युवामैत्री स्थानीय तह सम्बन्धी सूचकको परिमार्जनका लागि विज्ञ तथा सरोकारवालाहरू समेत ५० जनाको सहभागिता र छलफलबाट ९ क्षेत्रमा ४६ वटा सूचकहरू विकास गरी परीक्षण योग्य बनाइएको,
- स्वयंसेवक परिचालन, प्यानल छलफल र मुल समारोह समेतको आयोजना गरी अन्तर्राष्ट्रिय युवा दिवस, २०२४ मनाइएको,
- अपाङ्गता भएका ३० जना युवाहरूका लागि वैजनाथ गाउँपालिका, बाँकेमा ५ दिने ढकिया बनाउने तालिम र २० जनाका लागि मलंगवा

नगरपालिका, सर्लाहीमा ५ दिने बाँसको मुढा बनाउने तालिम सञ्चालन गरिएको,

- युवा परिषद्मा आवद्ध भएका गैर सरकारी संघ संस्था मध्ये १३ वटा संघ संस्थालाई प्रस्तावका आधारमा कार्यक्रम प्रदान गरी साझेदारीमा युवा लक्षित कार्यक्रम आयोजना गरिएको यस कार्यक्रमबाट १०३० जना युवाहरू लाभान्वित भएका,
- युवा परिषद्अन्तर्गत गठित ११ वटा युवा सञ्जाल मध्ये १० वटा सञ्जाललाई प्रस्तावका आधारमा कार्यक्रम प्रदान गरी युवा लक्षित कार्यक्रम सञ्चालन गरिएको र यसबाट ४७९ जना युवाहरू लाभान्वित भएको,
- कला, साहित्य, संस्कृति र मनोरञ्जनका क्षेत्रमा क्रियाशील युवाहरूको संरक्षण र प्रवर्धनका लागि राष्ट्रव्यापी लोकदोहोरी प्रतियोगिताको आयोजना गरिएको,
- दलित अल्पसंख्यक तथा सिमान्तकृत वर्गका युवालाई सार्वजनिक सेवामा पहुँच बढाउन लोकसेवा र शिक्षक सेवा आयोगको तयारी कक्षामा लोकसेवा तर्फ ९३५ जना र शिक्षक सेवा तर्फ १९५ जना युवालाई अनलाईन माध्यमबाट सहभागी गराइएको,
- २२० जना युवाको सहभागितामा युवा नीति तथा युवा सरोकारका विषयमा ३ वटा कार्यपत्रसहित नीतिगत छलफल अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको,
- सहिद वेपत्ता तथा द्वन्द प्रभावित युवाको क्षमता विकास कार्यक्रम अन्तर्गत सो समुहका ३७ जना युवाको लागि रूकुम पश्चिम जिल्लाको सदरमुकाम मुसीकोट र सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोकगढी नगरपालिकामा ५ दिने च्याउ खेती तालिम प्रदान गरिएको,
- कोशीको विराटनगर, मधेशको जनकपुर, गण्डकीको पोखरा, कर्णालीको वीरेन्द्रनगर र वागमतीको काठमाडौं गरी ५ प्रदेशमा कूल १०८० जना युवाको सहभागितामा उद्यमशिलताका विविध विषयमा प्यालन छलफल र अन्तरक्रियासहित युवा उद्यमशीलता प्रवर्धन सम्मेलनको आयोजना गरी

उद्यमतर्फ उत्प्रेरित गरिएको ।"युवाका लागि अबको निकास: उद्यमशिलता रोजगरी र सिप विकास" भन्ने मूल आदर्श वाक्य सहित सञ्चालन भएका यी कार्यक्रमहरुमा मुलुका उच्च पदस्थ पदाधिकारी, लब्धप्रतिष्ठित व्यक्ति, प्रतिष्ठित उद्योगी, व्यवसायीहरूबाट मार्गदर्शन प्रदान गरिएको ।

## १०. राष्ट्रिय युवा परिषद्ले विकास गरेका अवधारणा तथा ढाँचाहरू

परिषद्ले यस अविधिमा युवा विकास र मार्गदर्शनका क्षेत्रमा युवा उद्यम कार्यक्रम (सहुलियतपूर्ण ऋण चक्रिय कोष), युवा केन्द्रित साझेदार संस्था सँगको सहकार्य, राष्ट्रपति युवा महिला उद्यम कार्यक्रम, स्थानीय तहसँग साझेदारी, युवामैत्री स्थानीय तह निर्माण, युवा क्लव गठन तथा नमुना युवा संसद अभ्यास, एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम, एक स्थानीय तह एक वडा एक युवा क्लव एक उद्यम कार्यक्रम, राष्ट्रिय युवा सञ्जाल गठन तथा परिचालन, निःशुल्क रोजगारमूलक सिप विकास तालिम, सात दिने उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम, नमुना युवा संसद अभ्यास र युवा क्लवका लागि प्रमुख प्रशिक्षक विकास, युवा स्वयंसेवक विकास र परिचालन, युवा परामर्श तथा मार्गदर्शन, प्राज्ञिक अनुसन्धानमा अनुदान प्रदान, लक्षित समूह केन्द्रित कार्यक्रम सञ्चालन, युवा वैज्ञानिक सम्मेलन र प्रदर्शनी, संयुक्त राष्ट्र संघीय नमुना महासभा, युवा प्रतिभा पहिचान, युवा उद्यमी विकासका लागि नवप्रवर्तन तथा इन्क्युवेसन सञ्चालन, विविध विषयमा नीति वहस सञ्चालन र युवा नेतृत्व क्षमता विकास जस्ता विभिन्न अवधारणा र ढाँचाहरू  विकास गरेको छ ।

## ११. साझेदारी र सहकार्य

राष्ट्रिय युवा परिषद्ले आफ्नो दश वर्षे अवधिमा संघ, प्रदेश र स्थानीय तहका सरकार, संयुक्त राष्ट्र संघीय निकायहरू तथा अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय गैर सरकारी संस्थाहरूका साथै युवा केन्द्रित अभियन्ता, युवा र विद्वत् समुदायसँग साझेदारी एवम् सहकार्य गर्दै आएको छ। यसक्रममा परिषद्ले आफ्नो निर्धारित काम कर्तव्य र अधिकार, राष्ट्रिय युवा नीति २०८२ ले परिलक्षित गरेका अपेक्षा र युथ भिजन २०२५ ले दिशा निर्देश गरेका सोचहरू व्यवहारमा उतार्न सामूहिक

हातेमालो गर्ने नीति लिएको छ । विगत वर्षहरूमा प्रारम्भ गरिएका, गर्न खोजिएका तर निरन्तरता पाउन नसकेका कार्यक्रमहरूको पहिचान गरी कार्यान्वयनमा लैजान पनि आगामी दिनमा समन्वय, सहकार्य र साझेदारीको थप आवश्यकता रहेको छ ।

परिषद् अन्तर्गत हाल ११ वटा युवा सञ्जालहरू गठन भएका छन् । यसैगरी युवा सम्बद्ध १३० ओटा गैर सरकारी संस्थाहरूले परिषद्सँग आवद्धता लिएका छन्।परिषद्वारा नेतृत्व विकासका लागि युवा क्लबहरू गठन र परिचालनमा सहजीकरणका साथै विभिन्न युवा लक्षित संघसंस्थासँग साझेदारी तथा सातै प्रदेश र स्थानीय तहसम्म युवाका सवालहरूलाई सम्बोधन गर्ने संयन्त्रको विकास गर्न प्रारम्भ भएको छ। आगामी दिनमा राष्ट्रिय युवा नीति २०८२ र नेपाल युवा सम्मेलन, २०२४ घोषणापत्रको कार्यान्वयन गर्ने दिशामा थप महत्व दिन आवश्यक छ ।

## १२. आगामी मार्गदर्शन

युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय युवा परिषद्को सक्रियता तथा नेपाल सरकारको नेतृत्वमा युवाको सर्वाङ्गीण विकासमा प्रतिबद्धतासहित संघ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकारहरूमार्फत कार्यान्वयन हुने गरी कानुन, नीति, कार्यक्रम र सेवा प्रवाहका संयन्त्रहरूको संरचनगत विकासमा महत्वपूर्ण कदम चालिएका छन् । हाल राष्ट्रिय युवा नीति २०८२ को तर्जुमासँगै युवाको उमेर १८-३५ वर्ष कायम गरिएको छ। मुलुकको समृद्धि र सन्तुलित विकासका लागि राष्ट्रिय युवा परिषद्ले सहकार्य र साझेदारी वृद्धि गर्दै युवाहरूको नेतृत्व विकास, क्षमता विकास, सशक्तीकरण, जागरण तथा सर्वाङ्गिण विकासका लागि युवा सहभागिता र युवामैत्री शासनमार्फत सुशासन प्रवर्धन गर्ने लगायत नीतिगत स्थायित्व कायम गर्न ध्यान दिन आवश्यक छ । तसर्थ व्यावसायिक र लगानीमैत्री वातावरण सिर्जना गरी प्रतिभावान युबाहरूको ज्ञान, श्रम, सिप, क्षमताको उपयोग गर्न युवा उद्यमशीलता, सिप विकास, इन्क्युबेशन, नवप्रवर्तन, सूचना प्रविधि, स्टार्टअप तथा फेलोसिप कार्यक्रमका माध्यमबाट ब्रेनड्रेनलाई

न्यूनीकरण गर्दै ब्रेनगेन र ब्रेन सर्कुलेसनमा समेत जोड दिँदै आगामी दिनमा देहायका विषयमा भूमिका खेल्नु पर्ने दायित्व रहेको छ :

१. राष्ट्रिय युवा परिषद् ऐनमा समसामयिक सुधार गरी संघीयता अनुकुल भूमिका निर्वाह गर्ने,
२. राष्ट्रिय युवा नीति, २०८२ को कार्यान्वयन गर्ने, गराउने,
३. युथ भिजन २०२५ को अवधि समाप्त भएकाले नयाँ युथ भिजन तर्जुमा गरी कार्यान्वयन गर्ने,
४. सबै स्थानीय तहमा स्थानीय युवा परिषद् र सबै प्रदेशमा प्रदेश युवा परिषद् गठन गर्न समन्वय र सहजीकरण गर्ने,
५. नेपाल युवा सम्मेलन, २०२४ घोषणापत्रको कार्यान्वयनमा सहजीकरण गर्ने,
६. जेनजीको नेतृत्वमा वि.सं.२०८२ साल भाद्र २३-२४ गते भएको राजनीतिक-सामाजिक जनआन्दोलनको अपेक्षाअनुसार सुशासन प्रवर्धन गर्न युवाको नेतृत्व र क्षमता विकासमा परिषद्को भूमिका अभिवृद्धि गर्ने,
७. पाँचौं SAARC YOUTH CAMP 2026 को आयोजना गर्ने प्रतिवद्धता र तयारी गर्ने,
८. युवाको नेतृत्व विकास र उद्यमशीलता प्रवर्धनका अतिरिक्त सहुलियतपूर्ण कर्जा प्रवाहमा परिषद्को भूमिका एकिन गर्ने,
९. राजनीतिक, सामाजिक, सांस्कृतिक विविधतालाई सम्मान र स्वीकार गर्दै आर्थिक सिकाइमा जोड दिने गरी आन्तरिक र बाह्य युवा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गर्ने,
१०. "हरित कार्यमा युवा" जस्ता कार्यक्रममार्फत जीवजन्तु, जलवायु आदिको संरक्षणका लागि युवा सहभागितामा जोड दिने,
११. हालसम्मको अभ्यासबाट प्राप्त सिकाइ र समयसापेक्ष मागका आधारमा युवाका लागि प्रभावकारी कार्यक्रमहरूको निरन्तरता र अभिवृद्धि गर्दै लैजाने ।

## १३. परिषद्का पदाधिकारी र कर्मचारीहरू

### क. हालसम्मका उपाध्यक्षहरू

| क्रम | उपाध्यक्ष | अवधि |
|---|---|---|
| १ | माधव ढुङ्गेल | २०७२।११।१९- २०७६।११।१८ |
| २ | माधव ढुङ्गेल | २०७७।०२।१६-२०७८।०७।०४ |
| ३ | सुरेन्द्र बस्नेत | २०७८।११।२२-२०८२।११।२१ |
| ४ | | |

### ख. राष्ट्रिय युवा परिषद्का वर्तमान पदाधिकारी

| क्र.सं. | नाम/थर | लिङ्ग | पद | ठेगाना |
|---|---|---|---|---|
| १ | सम्माननीय शुशिला कार्की | महिला | अध्यक्ष | प्रधानमन्त्री, युवा तथा खेलकुद मन्त्री |
| २ | | | उपाध्यक्ष | |
| ३ | डा.घनश्याम उपाध्याय | पुरुष | सदस्य | सचिव, अर्थ मन्त्रालय |
| ४ | मधुसुदन बुर्लाकोटी | पुरुष | सदस्य | सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ५ | डा. राजेन्द्रप्रसाद मिश्र | पुरुष | सदस्य | सचिव, कृषि तथा पशुपक्षीं विकास मन्त्रालय |
| ६ | लोकनाथ पौडेल | पुरुष | सदस्य | सचिव, युवा तथा खेलकुद |
| ७ | डा. दिपक काफ्ले | पुरुष | सदस्य | सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| ८ | चुडामणि पौडेल | पुरुष | सदस्य | सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ९ | डिल्लीराम शर्मा | पुरुष | सदस्य | सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| १० | रविलाल पन्थ | पुरुष | सदस्य | सचिव, राष्ट्रिय योजना आयोग |
| ११ | रजनी कुमारी | महिला | सदस्य | महोत्तरी गाउँपालिका, महोत्तरी |
| १२ | विनोदकुमार शाही | पुरुष | सदस्य | चामुण्डा विन्द्रासैनी नपा, दैलेख |

| क्र.सं. | नाम/थर | लिङ्ग | पद | ठेगाना |
|---|---|---|---|---|
| १३ | जोहरबी चौधरी | महिला | सदस्य | गढवा गाउँपालिका, दाङ्ग |
| १४ | टिकाकुमारी कंडेल | महिला | सदस्य | तिलोत्तमा नगरपालिका, रुपन्देही |
| १५ | मनजली चौधरी | महिला | सदस्य | सुरङ्गा नगरपालिका, सप्तरी |
| १६ | मनिताकुमारी ऋषिदेव | महिला | सदस्य | बुढीगंगा गाउँपालिका, मोरङ्ग |
| १७ | ललिताकुमारी साह | महिला | सदस्य | खडक नगरपालिका, सप्तरी |
| १८ | शोभा बस्ताकोटी | महिला | सदस्य | भिमसेन थापा गाउँपालिका, गोरखा |
| १९ | सुनिताकुमारी चौधरी | महिला | सदस्य | कावासोती नगरपालिका, नपलपरासी |
| २० | अधिराज रेग्मी | पुरुष | सदस्य | सुन्दर दुलारी नगरपालिका, मोरङ्ग |
| २१ | अर्णव चौधरी | पुरुष | सदस्य | गढवा गाउँपालिका, दाङ्ग |
| २२ | एलिजा ढकाल | महिला | सदस्य | भानु नगरपालिका, तनहुँ |
| २३ | प्रतिमा खड्का | महिला | सदस्य | नारायण नगरपालिका, दैलेख |
| २४ | बिमला मल्ल | महिला | सदस्य | छाँयानाथ रारा नगरपालिका, मुगु |
| २५ | मो मोजरे आलम | पुरुष | सदस्य | पहोरा नगरपालिका रौतहट |
| २६ | राजकिशोर कु यादव | पुरुष | सदस्य | वोदेवरसाइन नगरपालिका, सप्तरी |
| २७ | विकाश अधिकारी | पुरुष | सदस्य | गजुरी गाउँपालिका. धादिङ्ग |
| २८ | शुनिल सिवाकोटी | पुरुष | सदस्य | रंगेली नगरपालिका, मोरङ्ग |
| २९ | जयबहादुर धामी | पुरुष | सदस्य | गोदावरी नगरपालिका, कैलाली |
| ३० | प्रसन्न ढुङ्गेल | पुरुष | सदस्य | लिखु गाउँपालिका, ओखलढुङ्गा |
| ३१ | संगीता श्रेष्ठ | महिला | सदस्य | काठमाडौं महानगरपालिका |
| ३२ | तारा न्यौपाने | पुरुष | सदस्य | भरतपुर महानगरपालिका, चितवन |
| ३३ | रवेन्द्रविक्रम शाह | पुरूष | सदस्य | मेल्लेख गाउँपालिका, अछाम |
| ३४ | कविराज चौंलागाई | पुरूष | सदस्य | छायाँनाथ रारा नगरपालिका, मुगु |
| ३५ | अनुजित सिंह | पुरूष | सदस्य | मनराशिसवा नगरपालिका, महोत्तरी |
| ३६ | गेहनाथ गौतम | पुरूष | सदस्य सचिव | प्रशासकीय प्रमुख |


## ग. हालसम्मका प्रशासकीय प्रमुखहरू

| क्रम | प्रशासकीय प्रमुख | ठेगाना | कार्यरत अवधि |
|---|---|---|---|
| १. | मुक्ति सिह ठकुरी | सुर्खेत | २०७३।०२।१२- ०७५।०४।०६ |
| २. | नारायण कृष्ण श्रेष्ठ | रामेछाप | २०७५।०५।८-२०७५।१२।१९ |
| ३ | डा. बाबुराम ढुङ्गाना | सिन्धुपाल्चोक | २०७६।०२।९-२०७८।१०।२५ |
| ४ | रमाकान्त शर्मा | चितवन | २०७८।१०।२५-२०८०।०१।२५ |
| ५ | दिनेश घिमिरे | काठमाडौं | २०८०।०१।२१-२०८१।०७।२८ |
| ६ | चन्द्राकुमारी थापा | काठमाडौं | २०८१।०८।१९-२०८१।११।२७ |
| ७ | गेहनाथ गौतम | संखुवासभा | २०८१/११/२८ - हालसम्म |

## घ. परिषद्मा हाल कार्यरत कर्मचारीहरू

| क्र सं | नाम/थर | पद |
|---|---|---|
| १ | गेहनाथ गौतम | प्रशासकीय प्रमुख |
| २ | चन्द्राकुमारी थापा | उपसचिव |
| ३ | कर्ण बहादुर कवर | उपसचिव |
| ४ | नवराज निरौला | उपसचिव |
| ५ | तारापति खरेल | उपसचिव |
| ६ | विश्वास रोकामगर | उपसचिव |
| ७ | मोहन निरौला | उपसचिव (मन्त्रालय काज) |
| ८ | बालकुमार श्रेष्ठ | शाखा अधिकृत |
| ९ | कल्पना खनाल बस्नेत | शाखा अधिकृत |
| १० | रमिला मैनाली | लेखा अधिकृत |
| ११ | मान बहादुर कार्की | शाखा अधिकृत |

| क्र सं | नाम/थर | पद |
|---|---|---|
| १२ | रामु ज्ञवाली | शाखा अधिकृत |
| १३ | रमेश कुमार भट्टराई | शाखा अधिकृत |
| १४ | यदुविक्रम थापा | शाखा अधिकृत |
| १५ | मेघराज गौतम | शाखा अधिकृत |
| १६ | भगवती रेग्मी | लेखापाल |
| १७ | चन्द्रावती कोइराला | नायब सुब्बा |
| १८ | उर्मिला कार्की | नायब सुब्बा |
| १९ | रमेश प्रसाद जोशी | प्राविधिक सहायक |
| २० | रानी कुमारी मल्लिक | प्राविधिक सहायक |
| २१ | मिरा काफ्ले | कम्प्युटर अपरेटर |
| २२ | अप्सरा कोइराला | कम्प्युटर अपरेटर |
| २३ | राजेश मैनाली | कम्प्युटर अपरेटर |
| २४ | गोकुल भुजेल | हसचा |
| २५ | नरेश महर्जन | हसचा |
| २६ | सरिता कार्की | कास |
| २७ | लक्ष्मी राई | कास |
| २८ | प्रेम कुमारी खत्री | कास |
| २९ | तृष्णा स्याङतान(लामा) | कास |




| राष्ट्रिय युवा नीति, २०८२ | National Youth Policy, 2026 |
|---|---|
| **दुरदृष्टि :** युवाको सर्वाङ्गीण विकासमार्फत् राष्ट्र निर्माणमा सार्थक सहभागिता।<br>**ध्येय:** युवालाई सक्षम र जिम्मेवार बनाई राष्ट्र निर्माणमा युवाको सार्थक सहभागिता र भूमिका बढाउने।<br>**लक्ष्य :**<br>१. युवाको सर्वाङ्गीण विकास गर्ने।<br>२. राज्यको विकासमा युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने।<br>३. राष्ट्रभाव भएको सदाचारी एवं सुसंस्कृत युवा तयार गरी समुन्नत राष्ट्र निर्माणमा योगदान गर्ने। | **Vision:** Meaningful participation in nation-building through the holistic development of youth.<br>**Mission:** To enhance the meaningful participation and role of youth in nation-building by making them capable and responsible.<br>**Goal**<br>1. To develop the youth holistically<br>2. To ensure the meaningful participation of youth in the development of the state<br>3. To contribute to the building of a prosperous nation by preparing virtuous and cultured youth with patriotism. |